१०९ औ अन्तराष्ट्रीय महिला दिवस भब्य रुपमा सफल बनाउन हङकङका नेपाली महिलाहरु एकजुट हुँदै

तुल्सी राना मगर

१९ फेब्रुवरी, हङकङ

बिगतका बर्षहरुमा झै यो बर्ष पनी हङकङका नेपाली महिलाहरु १०९ औ अन्तरराष्ट्रिय महिला दिवस सफल पार्न एकजुट भएर लागी परेका छन् । १०९ औ अन्तरराष्ट्रिय महिला दिवसको तयारी बारे जानकारी दिने उदेश्यले जोर्डन स्थित गैर आवासिय नेपाली संघ हङकङको कार्यालयमा पत्रकार सम्मेलन गरेका छन् । मुल आयोजक सस्था गैर आवासिय नेपाली संघ हङकङ र हङकङ नेपाली महिला संघ हङकङकी अध्यक्ष टिका गुरुङले यो बर्ष "व्यालेन्स फर बेटर" भन्ने मुलनाराको साथ हङकङका नेपाली महिलाहरुले पनी विविध गतिबिधीका साथ महिला दिवस मनाउने तयारीमा रहेको बताएका छन् ।

महिला दिवस मनाउनुको मुख्य उदेश्य सशक्तीकरण , आत्मबल र आत्मनिर्भरतामा ब्रिद्धी गरी स्वावलम्बी बनाउनु रहेको हो । यस्को लागी उत्प्रेणा महत्वपूर्ण रहेको भन्दै यस बर्ष उमन फर ह्युमन राइट्स् -एकल महिला गुरुपका सस्थापक लिली थापा प्रमुख वक्ताको रुपमा आउने जानकारी दिएका छन् । उत्प्रेरक व्याक्तीत्वहरुलाई आफुहरुले विगतका कार्यक्रमहरुमा डा रेणुका गुरुङ, इन्द्रिरा राना मगर, चरिमाया तमाङ, टिका दाहाल र मन्जु गुरुङलाई हङकङमा निमन्त्रणा गरिसकेको बताएका छन् ।

यो बर्ष पनी महिला दिवसको अवसरमा 'बर्ष महिला' को उपाधी पाउनेले हङकङ -काठमान्डौ- हङकङको हवाई टिकट प्राप्त गर्ने भएको छ । यसको साथसाथमा समाजसेवा, शिक्षा, खेलकुद, कलाकारिता,साहित्य, व्यापार,स्वास्थ्य लगायत बिबिध क्षेत्रमा योग्दान दिनेहरुलाई कदर स्वरुप सम्मान गरिने भएको छ । महिलाका बिबिध बिषयमा अन्तर्क्रिया सहितको कार्यक्रम ९ मार्चको बेलुकी जोर्डनको ब्लु ओसियन रेष्टुरेन्टमा हुने भनिएको छ । महिला दिवसका सह् आयोजकहरु नमो बुद्ध आमा समुह हङकङ , मिसिज हङकङ नेपाल टिम, तमु ट्हो ह्युल हङकङ महिला बिभाग,मगर संघ हङकङ महिला बिभाग , तमाङ घेडुङ हङकङ महिला बिभाग र किरात राइ चाम्लिङ खाम्बातिम महिला बिभागले सहकार्य गरेका छन् ।

1 / 1